संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - ४३

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:२५ बजे*
*बैठक स्थगित : १:२१ बजे*

२०७९ साउन १२, बिहीबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **त्रिचालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:२५** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई "राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन २०७८/०७९" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउभएपछि माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) ले उक्त प्रतिवेदन पेश गर्नुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन", "सामाजिक व्यवहार सुधार ऐन, २०३३ को उत्तर विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७७" र "संक्रामक रोग ऐन २०२० को उत्तर विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०७८" सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय नारायण दत्त मिश्रले उक्त प्रतिवेदनहरू पेश गर्नुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरू उक्त छलफलमा सहभागी हुनुभयो:

| | |
|---|---|
| मा. तुलसा कुमारी दाहाल | मा. उदय बहादुर बोहरा |
| मा. जग प्रसाद शर्मा | मा. भैरव सुन्दर श्रेष्ठ |
| मा. सुरेश कुमार आलेमगर | मा. भुवन बहादुर सुनार |
| मा. डा. विमला राई पौडयाल | मा. नारायण दत्त मिश्र |

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।त्यस लगत्तै माननीय गृह मन्त्री बालकृष्ण खांणले उक्त प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथिको उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई सभाले सर्वसम्मतिले स्वीकृत गरेको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “कारागार विधेयक, २०७६” माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको “नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई राष्ट्रिय सभाबाट पारित गरी प्रतिनिधि सभामा पठाइएको “ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रिले उक्त प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन २:०० बजे** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव